बैठक संख्या-१६ | मिति २०६९।१०।२८
विहान ६:०० बजे

आज मिति २०६९ माघ १ गते धरान उप-महानगरपालिकाको कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णयहरु गरियो।

उपस्थिति-

श्री टीकाचन्द्र राई- कार्यकारी अधिकृत-धरान उप-महानगरपालिका

आमन्त्रित

श्री गणेशप्रसाद खतिवडा- व. प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा व. कर अधिकृत

श्री सुरज श्रेष्ठ- व. इन्जिनियर

श्री रमेश शाह- व. के.आ.के.प.

श्री भेषराज अधिकृत लेखा अधिकृत

श्री राजु पोखरेल- इ.

श्री सुनील नेपाल- सा. वि. अधिकृत

निर्णयहरु.

निर्णय नं.१ : आर्थिक प्रस्ताव स्वीकृत सहित सिफारिस गर्ने सम्बन्धमा:-

एकिकृत शहरी विकास आयोजना अन्तर्गत धरानको खानेपानी परियोजना (पुनर्निर्माण, विस्तार र विकास) को लागि अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गरी मिति २०६९।०७।२४ तदनुसार १० नोभेम्बर २०१२ को The Kathmandu Post राष्ट्रिय दैनिकमा सुचना प्रकाशन गरिएकोमा तोकिएको म्याद भित्र पर्न आएको एकमात्र बोलपत्रदाता Tianjin-Tiendi J/V को बोलपत्रलाई मिति २०६९।०९।०९ तदनुसार २४ डिसेम्बर २०१२ का दिन नियमानुसार खोलिएको र सोको आर्थिक प्रस्तावलाई मुल्याङ्कनका लागि मुल्याङ्कन समितिमा पठाई सो समितिबाट सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा एशियाली विकास बैंकको मापदण्डका साथै बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएका आधार र तरिका बमोजिम मुल्याङ्कन भई आए अनुसार सिफारिसलाई स्वीकृत गरी सो सम्बन्धमा कार्वाही अगाडी बढाउनकालागि एकिकृत शहरी विकास आयोजना, आयोजना समन्वय कार्यालयमा समितिको मुल्याङ्कन सम्बन्धि विवरण सहित पत्र पठाउने निर्णय गरियो।

निर्णय नं.२: सार्वजनिक नीजि साझेदारीमा आयोजनाहरु संचालन गर्ने सम्बन्धमा :- यस नगरपालिकाको सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन समितिको मिति २०६९।१०।११ को निर्णयबाट देहायका आयोजनाहरुलाई सार्वजनिक-नीजि साझेदारीको अवधारणाबाट अघि बढाउन उपमहा-नगरपालिकालाई सिफारिस भई आएकाले नगर परिषदबाट ~~स्वीकृत~~ नीतिको आधारमा

√

नी आयोजनाहरूको थप निर्माण (विकास), सञ्चालन र हस्तान्तरणको लागि निजि क्षेत्रबाट आशयपत्र माग गरी प्रकृया अघि बढाउने निर्णय गरियो ।

(क) सप्तरंगी पार्कको विकास, संचालन तथा व्यवस्थापन
(ख) धरान सभागृहको विकास, संचालन तथा व्यवस्थापन

<u>निर्णय नं ३</u>: व्यवसाय गर्न स्वीकृत दिने सम्बन्धमा : यस उप महा नगरपालिका कार्यालयमा कार्यरत सहायक इन्जिनियर किशोर अधिकारीले पेश गर्नु भएको निवेदन माथि छलफल गरियो । यस कार्यालयको कर्मचारी प्रशासन विनियमावली २०६५ को परिच्छेद १३ अन्तर्गत कर्मचारी सम्बन्धि अन्य व्यवस्थाको दफा १३१ मा उल्लेख गरिए अनुसार नीजलाई कार्यालयको समय बाहेक कार्यालयको काममा बाधा नपर्ने गरी कुनै पेशा, व्यवसाय, वा परामर्शदाताको रुपमा काम गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ४- असिस्टेण्ट सब-इन्जिनियर सम्बन्धमा :-</u>

नेपाल सरकारको मिति २०६१।८।१८ को निर्णयले धरान नगरपालिकामा विष्णु पादुका गा. वि. स. सहित समायोजन भै धरान उप- महा नगरपालिका भएको र साविक पाँचकन्याका सहित ८ वडा नयाँ वडाहरु थप भएका साथै भौगोलिक अवस्थाका कारणले समेत थप भएका वडा- हरुमा विकास निर्माणका कामगर्न ढ्याउँदै कठिनाई रहेको र उप- महा नगरपालिका कार्यालयमा रहेका प्राविधिकहरुको संख्या कम भएकाले समयमानै छनौट भएका योजनाहरु सम्पन्न गर्न कठिनाई भएकाले विष्णु पादुका गा. वि. स. संगै समा- योजन भएर आएका उक्त गा. वि. स. मा कार्यरत कमल राईले असिस्टेण्ट सब ईन्जिनियर समेत उत्तिर्ण गरेकाले नीजलाई नै २०६२ असार मसान्त सम्म निरन्तरता दिई सोही पदको मासिक पारिश्रमिक पाउने गरी नयाँ थप भएका वडाहरुकोलागि प्राविधिक कामको जिम्मा दिने गरी, मिति २०६१।१०।०५ मा भएको टिप्पणी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

माइन्युटकर्ता भक्तिराज शर्मा

१०।२४